धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
## National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
“हामी यता बाट कल गर्छौं”

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ९८ ◆ २०८३ कात्तिक ७ शनिबार ◆ Saturday, October 24, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## आहा रारा पोखरा गोल्डकप माघ पहिलो सातादेखि

❑ *प्रत्यूष समाचारदाता*

कास्की । आहा रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको २६औँ संस्करण आगामी माघ पहिलो साता सुरु हुनेभएको छ। प्रतियोगिता माघ ५ देखि १६ गतेसम्म पोखरा रङ्गशालामा सञ्चालन हुने आयोजक सहारा क्लब पोखराले जानकारी दिएको छ।

‘खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन सहरका रूपमा स्थापित गरौं’ भन्ने नारासहित सञ्चालन हुँदै आएको यस प्रतियोगिताले नेपाली फुटबलको विकाससँगै पोखराको खेलकुद र पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउँदै आएको छ। पोखरा महानगरपालिकाको संरक्षकत्वमा सञ्चालन हुने प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद्, गण्डकी प्रदेश खेलकुद परिषद्, अखिल नेपाल फुटबल संघ, नेपाल पर्यटन बोर्ड, कास्की जिल्ला खेलकुद विकास समिति र कास्की जिल्ला फुटबल संघलगायतका संस्थाले निरन्तर रुपमा सहयोग गर्दै आएका छन्।

प्रतियोगितामा सहभागी हुने टोली, खेल तालिका, पुरस्कार राशि तथा अन्य विवरण पछि सार्वजनिक गरिने आयोजक सहाराका अध्यक्ष केशवबहादुर थापाले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितालाई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न आवश्यक तयारी अघि बढाइएको छ। प्रतियोगिताले प्रतिभाशाली खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै पोखरालाई खेलकुद पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको अध्यक्ष थापाले बताउनु भयो।

“आहा रारा गोल्डकप राजधानी बाहिरको सबैभन्दा पुरानो फुटबल प्रतियोगिता हो। विसं २०५८ देखि निरन्तर सञ्चालन हुँदै आएको छ। आगामी संस्करण समेत भव्य र व्यवस्थित सञ्चालनका लागि आवश्यक तयारी सुरु गरेका छौं”, अध्यक्ष थापाले भन्नुभयो। सहाराले फुटबल प्रतियोगिता सञ्चालन गरेर बचत भएको रकमले फुटबल एकेडेमी सञ्चालन गरेको छ। पोखरा-१७ दोविल्लामा रहेको एकेडेमीमा हाल देशका विभिन्न भागबाट छनोट भएका २७ जना बालकहरुले आवाससहित शिक्षा र फुटबलको प्रशिक्षण लिँदै आएका छन्।

# यसवर्ष दसैंमा उपत्यकामा सवारी दुर्घटना घट्यो

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । दसैंका समयमा काठमाडौं उपत्यकामा सवारी दुर्घटनामा उल्लेख्य कमी आएको छ। गत वर्षको दसैंमा १५५ वटा सवारी दुर्घटना हुँदा १० जनाको मृत्यु भएकामा यस वर्ष दुर्घटनाको सङ्ख्या घटेर १०५ पुगेको छ भने दुर्घटनामा परी तीन जनाको ज्यान गएको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार गत वर्षको तुलनामा यस वर्ष सवारी दुर्घटना ५० वटाले घटेको छ। त्यसैगरी, दुर्घटनामा परी मृत्यु हुनेको सङ्ख्या पनि सात जनाले घटेको छ। यसले चाडपर्वका समयमा सडक सुरक्षामा गरिएको तयारी र निगरानी प्रभावकारी भएको देखाएको ट्राफिक प्रहरीको भनाइ छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले यस वर्ष भएका अधिकांश दुर्घटना दुईपाङ्ग्रे सवारीसाधनसँग सम्बन्धित रहेको जानकारी दिनुभयो। उहाँका अनुसार तीव्र गतिका कारण सवारीसाधन अनियन्त्रित हुँदा दुर्घटना हुने गरेका छन्।

प्रवक्ता सुवेदीले ट्राफिक प्रहरीले पूर्वतयारीसहित योजनाबद्ध रूपमा काम गरेकाले सडक सुरक्षामा सुधार आएको बताउनुभयो। यातायात व्यवसायी, मजदुर तथा सम्पूर्ण सरोकारवालाको एकीकृत प्रयासले नागरिकलाई सुरक्षित यात्रा गर्न सहज भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “ट्राफिक प्रहरीले पूर्वतयारीसहित योजनाबद्ध तवरले काम गर्दा सडक सुरक्षित भएको छ। यातायात व्यवसायी, मजदुर साथीहरू र सम्पूर्ण सरोकारवालाको एकीकृत प्रयासले नागरिकले सुरक्षित यात्रा गरिरहेका छन्।” दुर्घटना भइराखेको अवस्थामा तत्काल उद्धार तथा प्रभावकारी उपचारको व्यवस्था गरिएकाले घाइतेको ज्यान बचाउन सहयोग पुगेको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताउनुभयो।

उहाँका अनुसार सडक सुरक्षालाई प्राथमिकतामा राख्दै ट्राफिक सहित जनपथ प्रहरीले नियमित सुरक्षा जाँच, अनुगमन तथा संयुक्त जाँचलाई प्रभावकारी रूपमा सञ्चालन गरेको थियो।

चाडपर्वका समयमा सवारी साधनको आवागमन बढ्ने र चालकको लापरवाही तथा तीव्र गतिका कारण दुर्घटनाको जोखिम रहने भएकाले ट्राफिक प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको थियो। विभिन्न स्थानमा गरिएको जाँच, निगरानी तथा प्रहरी परिचालनले



दुर्घटना न्यूनीकरणमा सहयोग पुगेको ट्राफिक प्रहरीको भनाइ छ।

यस वर्ष दसैंका समयमा दुर्घटना र त्यसबाट हुने मानवीय क्षतिमा कमी आउनु सकारात्मक पक्ष भए पनि तीव्र गति र दुईपाङ्ग्रे सवारी साधनसँग सम्बन्धित दुर्घटनाले सडक सुरक्षामा थप सतर्कता आवश्यक रहेको देखाएको छ। ट्राफिक प्रहरीले चालकलाई गति नियन्त्रण गर्न, ट्राफिक नियम पालना गर्न र सुरक्षित रूपमा सवारीसाधन चलाउन आग्रह गरेको छ।

## भक्तपुरमा ४६औँ नेपालभाषा साहित्य सम्मेलनको रौनक

❑ *प्रत्यूष समाचारदाता*

भक्तपुर । भक्तपुरमा उल्लेख्य जनसहभागिता सहित ४६औँ नेपालभाषा साहित्य सम्मेलन तथा सांस्कृतिक कार्यक्रमले रौनक थपिएको छ।

‘जनता बाँचे भाषा बाँच्छ’ भन्ने मूल नाराका साथ हरेक वर्ष आयोजना हुँदै आएको सो सम्मेलन यस वर्ष भक्तपुर नगरपालिका-७ गोमारीको यातामा सञ्चालन भइरहेको छ।

सांस्कृतिक गुरु एवं ज्येष्ठ नागरिक मोतिबहादुर खायमलीले शुक्रबार बिहान उद्घाटन गर्नुभएको सो सम्मेलन राति ११:०० बजेसम्म चल्नेछ। सम्मेलनमा नेपाल भाषा का कविता, कथा, निबन्धलगायत साहित्यिक रचना वाचन गरिनाका साथै नाटक, ख्याल, नृत्य, गीतिनाटक र गीतलगायत सांस्कृतिक प्रस्तुति गरिने समेत आयोजकले जनाएको छ। नेपाल संवत् ११०० अर्थात् विसं २०३७ देखि निरन्तर आयोजना हुँदै आएको त:मुंज्याले नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सम्पदाको संरक्षण र संवर्द्धनमा योगदान पुर्याउँदै आएको छ।

चार दशकभन्दा लामो इतिहास बोकेको सो सम्मेलनबाट साहित्यिक गतिविधिमार्फत सामाजिक तथा सांस्कृतिक चेतना अभिवृद्धि गर्नुका साथै नयाँ पुस्तालाई नेपालभाषामा लेख्न, सिर्जना गर्न र सार्वजनिक रूपमा आफ्नो प्रतिभा प्रस्तुत गर्न प्रोत्साहित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। सम्मेलनका क्रममा भाषा तथा साहित्यसम्बन्धी विज्ञका मन्तव्य, साहित्यकार तथा कलाकार को सम्मान र सम सामयिक



सामाजिक विषयमा छलफल हुने कार्यक्रम रहेको छ। साहित्यिक गतिविधि र सांस्कृतिक प्रस्तुतिलाई छुट्टाछुट्टै चरणमा सञ्चालन गर्ने परम्पराअनुसार दिउँसो साहित्यिक कार्यक्रम र साँझ सांस्कृतिक कार्यक्रम गरिने छ। प्रत्येक वर्ष भक्तपुरका फरक-फरक वडा तथा टोलमा आयोजना हुँदै आएको त:मुंज्यामा नेपालभाषाका अतिरिक्त अन्य भाषाका साहित्यिक तथा सांस्कृतिक प्रस्तुतिलाई समेत स्थान दिइनेछ। प्रतियोगितात्मक साहित्य वाचनमार्फत नयाँ पुस्ताका लेखक, कवि तथा कलाकारलाई प्रोत्साहन गर्ने आयोजकको उद्देश्य छ। सम्मेलनमा साहित्यकार, कलाकार, संस्कृतिकर्मी, युवा, शिक्षक, विद्यार्थी, स्थानीय समुदाय तथा भाषा-विभिन्न संस्कृतिप्रेमीको सहभागिता रहने आयोजक समितिका अध्यक्ष उकेश कवांले बताउनुभयो।

## जुम्ली किसान बाली भित्र्याउन व्यस्त

जुम्ला । जुम्लाका किसानलाई यो याममा बर्खे बाली भित्र्याउन चटारो परेको छ। दसैंको रौनक सकिने लागदा हिमाली जिल्ला जुम्लाका किसानहरुलाई भने पाकेको कोदो, धान, फापर, सिमी र मकै लगायतका बाली भित्र्याउन भ्याइनभ्याइ भएको तिला गाउँ पालिका -८ का वडाध्यक्ष आसे बस्नेतले बताउनुभयो।

मौसम सफा भएकाल पाकेको बाली थन्क्याउन अहिले यहाँका किसान खेतबारीमा काममा व्यस्त रहेका छन्। दसैंभन्दा पनि किसानहरुलाई बाली भित्र्याउने कार्यलाई प्राथमिकता परेको वडाध्यक्ष बस्नेतको भनाइ छ। बडादसैं ठूलो चाड भए पनि बाली पनि यति नै बेला पाकेको कारण चाड मनाउने र बाली थन्क्याउने काम सँगसँगै गर्नुपरेको तातोपानी गाउँपालिका-४ का किसान अप्सरा पाण्डेको भनाइ छ। यतिबेला जिल्लाका अधिकांश किसान पाकिसकेको बाली घरमा भित्र्याउन बिहानदेखि बेलुकासम्म काममा खटिरहेको देखिन्छ। फापर, कोदो, सिमी, भटमास, आलुलगायतका बाली थन्क्याउने कामको चटारोमा किसान रहेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताउनुभयो।

## मापसे र लापसे गरी सवारी चलाउने ९८२ चालक कारबाहीमा

काठमाडौं । काठमाडौं उपत्यकामा मादक पदार्थ तथा लागू पदार्थ सेवन गरी सवारीसाधन चलाउने ९८२ जना चालक कारबाहीमा परेका छन्। घटस्थापनादेखि आज कात्तिक ६ गतेसम्म १३ दिनको अवधिमा मादक पदार्थ सेवन (मापसे) गरी सवारी चलाउने ९४७ जना र लागू पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने ३५ जना चालकलाई कारबाही गरिएको हो।

कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार मापसे गरी सवारी चलाएको अभियोगमा कारबाहीमा परेका ९४७ जनामध्ये ५९ जना सार्वजनिक सवारीका चालक रहेका छन्। त्यस्तै, लापसे गरी सवारी चलाएको अभियोगमा कारबाहीमा परेका ३५ जना नै सार्वजनिक सवारीका चालक रहेको उहाँले जानकारी दिनुभयो।

## सन्दर्भ विश्व हिउँ चितुवा दिवसः जलवायु परिवर्तनले बासस्थानमा ह्रास

काठमाडौं । दुलर्भ हिउँचितुवाको संरक्षणका निम्ति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित २३ अक्टोबरमा अन्तरराष्ट्रिय हिउँ चितुवा दिवस मनाइन्छ।

‘उच्च हिमाली पारिस्थिति-कीय प्रणालीको संरक्षक, हिम चितुवाको संरक्षण’ नारका साथ यस वर्षको हिउँ चितुवा दिवस विश्वभर मनाइएको छ। नेपालसहित विश्वका १२ देशमा मात्र पाइने हिउँचितुवा स्वच्छ हिमाली पर्यावरणको सूचक मानिन्छ। हिउँचितुवा नेपाल, अफगानिस्तान, भूटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हिउँचितुवाको सङ्ख्या ३९७ रहेको छ। विश्वको कुल दुई प्रतिशत हिउँचितुवाको बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँचितुवा भेटिएको छ।

नेपालका उच्च हिमाली क्षेत्रको ३० हजार ५०० वर्गकिमी क्षेत्रफलमा यसको बासस्थान रहेको छ। विश्वमा हाल चार हजारदेखि सात हजारको सङ्ख्यामा हिउँचितुवा रहेको अनुमान छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जलवायु परिवर्तनका कारण बढी असर परेको अवस्थामा उच्च हिमाली क्षेत्रमा बासस्थान रहेको हिउँचितुवाको जीवनचक्र तथा दैनिकी प्रभावित हुनु स्वाभाविक भएको बताउनुभयो।

उहाँका अनुसार यसको बासस्थानमा आएको ह्रासले हिउँचितुवाको आहारा प्रजातिमा कमी भइदिँदा खानाको अभाव देखिने चुनौती थपिएको छ। हिउँचितुवालाई ‘आइयुसिएन’ले विश्वव्यापी जोखिम को हिसाबले रातो सूचीमा राखी सूचीबद्ध गरेको छ। यसलाई हिमालकी रानी पनि भनिन्छ। हिउँचितुवा लजालु प्रकृतिको हुन्छ। त्यसैले यसलाई भेट्न गाह्रो हुन्छ। पर्यावरण मन्त्रालयले हिउँचितुवाको संरक्षणलाई प्राथमिकता मा राखेर ‘हिउँचितुवा संरक्षण र कार्ययोजना (२०२४- २०३०)’ तयार गरी कार्यान्वयन मा ल्याएको छ। हिउँचितुवा सामान्यतया समुद्री सतहबाट ५४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छ। तथ्याङ्कअनुसार पूर्वी नेपालको तुलनामा पश्चिममा बढी सङ्ख्यामा हिउँचितुवा छन्। हिउँचितुवा ठूला बिराला प्रजातिहरूमध्ये सबैभन्दा कम अध्ययन गरिएको प्राणी हो।

सम्पादकीय ....

# दशैंबाट यसरी सिक्नुपर्छ

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले भरिपूर्ण देश हो। विभिन्न चाडपर्वमध्ये बडादसैं नेपाली समाजको महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक पर्व हो। असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र अधर्ममाथि धर्मको विजयको प्रतीकका रूपमा मनाइने दसैंले हरेक वर्ष नेपाली समाजलाई नयाँ उत्साह, उमङ्ग र सकारात्मक सन्देश प्रदान गर्दै आएको छ। यस वर्षको दसैंले पनि हाम्रो व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनलाई मार्गदर्शन गर्ने अनेक सन्देश दिएको छ।

दसैंको पहिलो सन्देश हो– सत्य, न्याय र सदाचारको मार्गमा अघि बढ्नुपर्छ। देवी दुर्गाले महिषासुरमाथि विजय प्राप्त गरेको धार्मिक मान्यताले अन्याय र अत्याचार जतिसुकै शक्तिशाली भए पनि अन्ततः सत्यको विजय हुनुपर्छ भन्ने शिक्षा दिन्छ। समाजमा भ्रष्टाचार, हिंसा, विभेद र अनैतिक व्यवहारजस्ता समस्यालाई हटाउन यही सन्देशलाई व्यवहारमा उतार्न आवश्यक छ।

दोस्रो सन्देश पारिवारिक एकता र आपसी प्रेम हो। दसैंमा टाढा रहेका परिवारका सदस्य घर फर्कने, मान्यजनबाट टीका तथा आशीर्वाद ग्रहण गर्ने र आफन्तसँग भेटघाट गर्ने परम्परा छ। व्यस्त जीवनशैलीका कारण टाढिँदै गएका पारिवारिक सम्बन्धलाई नजिक ल्याउन दसैंले महत्वपूर्ण भूमिका खेल्छ। तर दसैंको समयमा मात्र नभई वर्षभरि नै ज्येष्ठ नागरिकको सम्मान, बालबालिकाप्रतिको माया र परिवारका सदस्यबीच आपसी सहयोग कायम राख्नुपर्छ।

तेस्रो सन्देश सामाजिक सद्भाव र समानताको हो। दसैं कुनै एक परिवार वा समुदायको मात्र खुसी नभई आपसी सद्भाव र मेलमिलाप बढाउने अवसर पनि हो। जात, धर्म, भाषा, वर्ग र आर्थिक अवस्थाका आधारमा कसैलाई भेदभाव नगरी सबैसँग सम्मानपूर्वक व्यवहार गर्नु नै चाडपर्वको वास्तविक सुन्दरता हो। आफ्नो खुसीसँगै विपन्न, असहाय तथा समस्यामा परेका व्यक्तिको अनुहारमा मुस्कान ल्याउन सके दसैंको खुसी अझ सार्थक हुन्छ।

यस वर्षको दसैंले बदलिँदो समयसँगै हाम्रो जिम्मेवारी पनि सम्झाएको छ। आधुनिकता र प्रविधिको विकाससँगै चाडपर्व मनाउने शैली परिवर्तन हुँदै गएको छ। सामाजिक सञ्जालमा शुभकामना साटासाट गर्नु राम्रो पक्ष भए पनि प्रत्यक्ष भेटघाट, आत्मीयता र पारिवारिक सम्बन्धको महत्व बिर्सनु हुँदैन। त्यस्तै, देखासिकी र प्रतिस्पर्धाका कारण अनावश्यक खर्च गर्ने, ऋण लिएर चाडपर्व मनाउने तथा मदिरा सेवन गरेर पारिवारिक वातावरण बिगार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ। आफ्नो आर्थिक क्षमताअनुसार सादगीपूर्ण, मर्यादित र सुरक्षित रूपमा चाडपर्व मनाउनु बुद्धिमानी हुन्छ।

अन्ततः दसैं केही दिनको उत्सव मात्र होइन, जीवनलाई सकारात्मक दिशातर्फ अघि बढाउने प्रेरणा पनि हो। यसले हामीलाई प्रेम, सहिष्णुता, त्याग, सेवा, सहयोग र सद्भावको बाटोमा हिँड्न सिकाउँछ। दसैंमा ग्रहण गरिएको टीका, जमरा र आशीर्वादको वास्तविक अर्थ व्यवहारमा देखिनुपर्छ। समाजमा शान्ति कायम गर्ने, वातावरण संरक्षण गर्ने, ज्येष्ठ नागरिकको सम्मान गर्ने र असहायलाई सहयोग गर्ने प्रतिबद्धता हामी सबैले गर्नुपर्छ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन** ०१०–५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# घमाइलो मौसममा रमाइलो दसैं

प्रगति ढकाल

दसैं आउन लाग्दा खोटाङकी सपना राईको मनमा एउटा चिन्ता थियो-यसपालि उपत्यका छाडेर घर जान पाइएला कि नपाइएला ? दसैं आउनुअघिका सातामा लगातार परेको पानीले उहाँको मनमा आशङ्का उब्जाएको थियो। कतै बाटो बिग्रिने हो कि, कतै यात्रा नै कष्टकर हुने हो कि ! विगतका दसैंमा झरीले दिएको सास्ती सम्झँदा यसपालि पनि घर जाने यात्रा सहज होला भन्नेमा उहाँ ढुक्क हुन सक्नुभएको थिएन।

दसैं नजिकिँदै जाँदा मौसम खुल्यो। आकाशमा घाम लाग्यो। दिन उज्यालो हुँदै गए। दसैं मा घर जाने बाटो सहज हुने भएपछि राईको मन फुरुङ्ग भयो। "प्रायः दसैं मा र दसैंको अघिपछि वर्षा हुँदा जानआउन नै सास्ती खेप्नुपर्थ्यो। यस पटक त त्यस्तो भएन, रमाइलो लागिरहेको छ," उहाँ भन्नुहुन्छ, "दसैंमा खुलेको मौसमले मन रमाउनुका साथै आवतजावतका लागि बाटो सहज हुने रहेछ।"

चाडपर्व घर फर्किने बहाना पनि हुन्। आफन्त र प्रियजन भेट्ने मौका पनि हो। त्यसमाथि घमाइलो मौसममा रमाइलो गरी यात्रा गर्नुको मज्जा बेग्लै हुन्छ। दसैंमा घाम लाग्नु र पानी पर्नु सामान्य मौसमी घटना जस्तो देखिए पनि घर जाने तयारीमा रहेका मानिसका लागि यसको अर्थ बेग्लै हुन्छ। मौसमले कयौँका चाडपर्व मनाउने उत्साह र योजनालाई प्रभावित पार्छ। सिन्धुलीका अमित तिमिल्सिनाले भने यसपटकको दसैं उपत्यकामै बिताउनुभयो। अघिल्लो वर्षको दसैंमा परेको झरीले दिएको सास्ती उहाँको मनमा ताजै थियो। त्यसैले यसवर्ष पनि त्यस्तै अवस्था दोहोरिनसक्ने अनुमान गर्दै उहाँले घर जाने योजना बनाउनुभएन। "यसवर्ष पनि झरी पर्‍यो भने सास्ती खेप्नुपर्ला कि भनेर उपत्यकामै बस्ने योजना बनाएँ तर अहिले दसैंको मौसम राम्रो भएपछि घर जानुपर्ने रहेछ भन्ने लागिरहेको छ," उहाँ भन्नुहुन्छ। तिमिल्सिना जस्तै घर जाने इच्छा हुँदाहुँदै पनि बाटोको अवस्था र वर्षाको सम्भावनाले निर्णय लिन कठिन हुने अन्य थुप्रै पात्र हुनुहुन्छ। जो उपत्यकामा अध्ययन र जागिरेको सिलसिलामा बस्न बाध्य हुनुहुन्छ। उहाँहरूलाई यसपटकको दसैंमा आकाश खुलेर र मौसम घमाइलो भएपछि उपत्यकाबाट नबाहिरिएकोमा पछुतो छ।

ललितपुरको गोदावारीकी कृतिका घिमिरेलाई भने यसपटक उपत्यका बाहिरको यात्रा गर्नुपर्ने थिएन। उहाँका लागि दसैंमा मौसम खुल्नुको अर्थ केही फरक थियो। उपत्यकाभित्रै आवतजावत गर्न पनि वर्षाले असहज बनाउने अनुभव उहाँसँग छ। झरी परेका बेला बाटो हिलो हुने, सवारीसाधनमा यात्रा गर्न कठिन हुने र दैनिक कामकाजसमेत प्रभावित हुने भएकाले मौसम सफा हुँदा सहज महसुस हुने घिमिरे बताउनुहुन्छ।

यसरी हेर्दा दसैंको मौसमले उपत्यका छाडेर घर जाने यात्रुलाई मात्र होइन, यहीँ बसेर चाडपर्व मनाउनेलाई पनि प्रभाव पार्छ। घाम लाग्दा बाहिर निस्कन, आफन्त कहाँ जान र दसैंको चहलपहलमा सहभागी हुन सहज हुन्छ। मौसम अनुकूल हुँदा सहरको दैनिकीसमेत केही सहज र उल्लासमय बन्छ।

गोदावरीकै कर्ण घिमिरेको अनुभवमा भने दसैं र मौसमबीचको सम्बन्ध लामो समयदेखि देखिँदै आएको छ। उमेरले आठ दशक पार गरिसक्नुभएका उहाँले जीवनमा धेरै दसैं मनाउनुभयो। घिमिरेको सम्झनामा ढिलो गरी आउने दसैंमा प्रायः मौसम राम्रो हुने र छिटो आउने दसैंमा झरी पर्ने गरेको छ। "पहिलापहिलाका अग्रजले पनि छिटोभन्दा दसैं त ढिला आएको जाति हुन्थ्यो, बर्खे दसैं त रमाइलो नै हुन्न भन्नुहुन्थ्यो। मेरो पनि सोही अनुभव छ," उहाँ भन्नुहुन्छ।

दसैंको मौसम सधैं एउटै हुँदैन। गतवर्ष दसैंको रमझम सकिनै बाँकी थियो। हजारौँ सर्वसाधारण दसैं मनाउन आफ्नै गाउँ फर्किएका थिए। निधारमा रातो टिका, जमरा लगाएर ओहोरदाहोर गर्ने क्रम जारी नै थियो। आफन्तको टिका थाप्न जानै बाँकी नै थियो। यही चाडपर्वको उल्लासमय समयमा आएको एउटा सूचनाले आम सर्वसाधारणलाई झस्कायो। नेपाल मौसम विज्ञान विभागले गत वर्ष असोज १७ देखि २० गतेसम्म मुलुकका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुने, बाढी-पहिरोको समेत जोखिम रहेको भन्दै जो जहाँ छ, उही सुरक्षित रहन सन्देश जारी गर्‍यो। त्यसपछि अन्य अन्तर सरकारी निकायले विभागको सूचनालाई अनुसरण गर्दै विपद् व्यवस्थापनको पूर्वतयारीका लागि जुट्न थाले। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न स्थानमा भारी वर्षा हुने सम्भावना रहेकाले लामो दूरीका तथा काठमाडौं उपत्यकाभित्र सञ्चालन हुने सवारीसाधन आवागमन आगामी तीन दिनसम्म रोक्ने निर्णय गर्‍यो। उक्त निर्णयपछि उपत्यका छाडी गाउँ जाने बिचल्लीमा परे। सवारी साधन आवागमन बन्द हुँदा कैयौँ सर्वसाधारणले आफन्तजनको हातबाट टिका लगाउन पाएनन्।

यसवर्षको दसैंकै अवधिमा वर्षाजन्य कुनै पनि विपद् नभएकोमा खुसी हुनुहुन्छ, प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेती। "गतवर्ष जस्तो वर्षा नभएकाले आवातजावतमा खासै समस्या भएन, वर्षाकै कारण कुनै विपद् भाग्नुपरेन," उहाँ भन्नुहुन्छ, "यद्यपि गत भदौ १० को रसुवा भोटेकोशी र असोज २५ को गोरखा जिल्लाको बुढिगण्डकी बाढीले दिएको विपद्को पीडा भने बाँकी नै छ।" काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तथा प्रवक्ता नरेशराज सुवेदीले यस वर्ष दसैंमा वर्षा नभएका कारण सडक अवरुद्ध हुने, ट्राफिक चापको समस्या हुने, बाटो हिलो भएर सवारी साधन आवतजावतमा समस्या हुने जस्ता चुनौती नभएको बताउनुभयो। यातायात व्यवसायी राष्ट्रिय



महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज)ले यस वर्ष घमाइलो मौसमका कारण सोचेभन्दा बढी सर्वसाधारण उपत्यका बाहिरिएको जानकारी दिनुभयो। "यस वर्ष भोटेकोशी र बुढिगण्डकी बाढीको विपद्ले दिएको पिडा, सडकको अवस्थाले मानिस उपत्यका छाडेर बाहिरिनेको सङ्ख्या सात लाख हाराहारीमा होला भन्ने सोचेका थियौँ तर ११ लाख हाराहारी बाहिरएका छन्," उहाँले भन्नुभयो।

मनसुन बाहिरिसकेको र पश्चिमी वायुको प्रभाव नहुँदा अनुकुल मौसम

यसवर्ष पनि दसैंअघि नै सर्वसाधारणले दसैंको मौसम कस्तो हुन्छ भनेर फोन गर्ने गरेको बताउनुहुन्छ, नेपाल मौसम विज्ञान विभागका मौसमविद् डेभिड ढकाल। "दसैंमा मौसम कस्तो रहला भन्ने चासो सर्वसाधारणमा हरेक वर्ष हन्छ। यसवर्ष पनि दसैंको मौसम कस्तो होला ? भनेर सर्वसाधारणको फोन आउथ्यो," उहाँ भन्नुहुन्छ, "यसवर्ष भने दसैंको अवधिमा मौसम अनुकूल रह्यो। अधिकांश स्थानमा वर्षा नहुँदा घर जाने र फर्किने यात्रुले विगतका वर्षमा जस्तो झरीको सास्ती खेप्नुपरेन।" ढकालका अनुसार फूलपाती को अघिल्लो दिन सङ्खुवासभा, झापा, लमजुङ, कास्की र स्याङ्जाका केही स्थानमा हल्का वर्षा भए पनि त्यसले जनजीवन र सडक यातायातमा उल्लेख्य प्रभाव परेन। "यस वर्ष दसैंका बेला मनसुन बाहिरिसकेको र पश्चिमी वायुको प्रभावसमेत नरहेकाले वर्षा भएन। दसैं छिटो पर्दा भने मनसुन पूर्णरूपमा बाहिरिइसकेको नहुन सक्छ," उहाँले भन्नुभयो, "मनसुन बाहिरिएपछि पनि पश्चिमी वायु सक्रिय भयो भने वर्षा हुनसक्ने भएकाले दसैंको मौसम सधैं एउटै हुँदैन।"

साता दिनपछि वर्षा हुन सक्छ, सतर्क रहन तर त्रसित नहुन अनुरोध

नेपाल मौसम विज्ञान विभागले आगामी साता मङ्गल वारदेखि मुलुकको केही भू-भागमा वर्षा हुनसक्ने सम्भावना रहेको जनाएको छ। यसले भने दसैंका लागि उपत्यका फर्कनेलाई भने केही असहजता हुनसक्ने सम्भावना छ। विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् राजन महर्जन वर्षा हुनसक्ने सम्भावना भए पनि त्रसित हुन आवश्यक नरहेको बताउनुभयो।

"अर्को साता मङ्गलबार वर्षा हुनसक्ने सम्भावना देखिएको छ तर कुन स्थानमा कति र कहिलेसम्म वर्षा हुनसक्छ निश्चित छैन," उहाँले भन्नुभयो, "अहिले सामाजिक सञ्जालतिर साता दिनसम्म वर्षा हुने भनेर फैलाएको खबरले किसान त्रसित देखिन्छन्। प्रणाली परिवर्तन भइरहने भएकाले अहिल्यै नै त्रसित हुनुपर्दैन।"

चाडपर्व घर फर्किने बहाना पनि हुन्। आफन्त र प्रियजन भेट्ने मौका पनि हो। त्यसमाथि घमाइलो मौसममा रमाइलो गरी यात्रा गर्नुको मज्जा बेग्लै हुन्छ। दसैंमा घाम लाग्नु र पानी पर्नु सामान्य मौसमी घटना जस्तो देखिए पनि घर जाने तयारीमा रहेका मानिसका लागि यसको अर्थ बेग्लै हुन्छ। मौसमले कयौँका चाडपर्व मनाउने उत्साह र योजनालाई प्रभावित पार्छ।

महर्जनका अनुसार तीन दिनसम्म मौसम पूर्वानुमान धेरै हदसम्म मिल्ने तर साता दिन सम्मको पूर्वानुमान सधैं मिल्दैन। "केही दिनपछि मात्रै हामी आगामी साता हुने वर्षाको बारेमा सूचना सम्प्रेषण गर्नेछौं। वर्षाको विषयमा विभागको आधिकारिक सूचनालाई मात्रै ग्रहण हुन आग्रह गर्दछु," उहाँले भन्नुभयो।

## स्वस्थ रहनः जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन्।
त्यसैले,



- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## आदिनाथमा एक महिने मेलाको तयारी

प्रत्युष समाचारदाता

काठमाडौँ । काठमाडौंको दक्षिण भेगस्थित आदिनाथको मन्दिरमा आश्विन शुक्ल पूर्णिमादेखि कात्तिक शुक्ल पूर्णिमासम्म सञ्चालन गरिने एक महिने मेलाको तयारी भएको छ। एक महिने मेला यही कात्तिक ९ गतेदेखि सुरु हुनेछ ।

मेलाको तयारीका लागि कीर्तिपुर नगरपालिका-६ स्थित मन्दिरमा सरसफाइलगायत कार्य सुरु भएको छ। मेला व्यवस्थापन समितिको आयोजना र स्थानीय सङ्घ-संस्थाको समन्वयमा मन्दिर तथा आसपास क्षेत्रमा सरसफाइ गरिएको हो । अहिले मन्दिरलाई सिँगारिएर चिटिक्क बनाइएको छ। मन्दिरमा शिव र पार्वतीको संयुक्त आकार प्रतिबिम्बित मूर्ति राखिएकाले आदिनाथ तथा अर्धनारेश्वरसमेत भनिन्छ । परिवारमा सुख, समृद्धि प्राप्त हुनाका साथै भय, रोग र विघ्नबाट मुक्त हुने विश्वासका साथ लाग्ने मेलामा यस वर्ष करिब दुई लाख भक्तजनको सहभागिता हुने अनुमान गरिएको मेला व्यवस्थापन समितिले जनाएको छ ।

हिन्दु तथा बौद्ध अनुयायीको साझा संस्कृतिका रुपमा रहेको आदिनाथलाई हिन्दु धर्मावलम्बीले शिव शक्तिका प्रतीक र बौद्ध अनुयायीले लोकेश्वर तथा करुणाका प्रतीकका रुपमा पूजाआजा गर्ने चलन छ ।

## सभापति लामिछाने भारततर्फ

महेन्द्रनगर । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने तीर्थाटनका क्रममा कञ्चनपुरको गड्डाचौकी नाका हुँदै शुक्रबार भारत प्रस्थान गर्नुभएको छ ।

सभापति लामिछानेले पत्नीसहित स्थलमार्ग हुँदै भारतको उत्तराखण्डको नैनीताल जिल्लाको प्रसिद्ध धार्मिकस्थल कैंचीधाम (नीम करौली बाबा)को दर्शन गर्ने कार्यक्रम रहेको छ ।

तीन दिने तीर्थाटनका क्रममा उत्तराखण्डको कैंचीधामका साथै गुवाहिटीस्थित कामाख्या मन्दिरमा पूजार्चना गर्ने कार्यक्रम रहेको सो पार्टीका सचिवालय सदस्य एवं सांसद दीपकराज बोहराले जानकारी दिनुभयो ।

सभापति रविसँगै पत्नी निकिता पौडेल, प्रतिनिधिसभा सदस्य बोहरा भ्रमण टोलीमा हुनुहुन्छ । टोलीलाई गड्डाचौकीस्थित नेपाल-भारत सीमाबाट भारतीय सुरक्षा कर्मीले सुरक्षा दिएको छ ।

धनगढी विमानस्थलमा पत्रकारसँग संक्षिप्त कुरा गर्दै सभापति लामिछानेले असाध्यै व्यक्तिगत भ्रमणका क्रममा भारत जान लागेको बताउनुभयो । "पहिलेदेखि नै जाउँला भन्ने थियो। यो धार्मिक भ्रमण हो । कुनै राजनीतिक भेटघाट छैन," उहाँले भन्नुभयो। कारागारमा हुँदा गरेको भाकल पुरा गर्न जाँदैछु । मेरो भ्रमणका नाममा कसैलाई पनि खिचडी नपकाउन आग्रह गर्दछु।"

## क्षतिग्रस्त सडकको पुनर्निर्माण र सुरक्षित आवास छिट्टै हुन्छ : मन्त्री लम्साल

बागलुङ । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले विपद्का कारण क्षतिग्रस्त यहाँका सडक र निजी आवास सरकारले छिट्टै पुनर्निर्माण गर्ने बताउनुभएको छ ।

शुक्रबार (हिजो) पश्चिम बागलुङको बाढीपहिरो संकटग्रस्त क्षेत्रको स्थलगत निरीक्षणपछि मन्त्री लम्सालले क्षतिग्रस्त मध्यपहाडी लोकमार्गको पुनर्निर्माण पहिलो प्राथमिकता रहेको बताउनुभयो । मन्त्री लम्सालले बाढीपहिरोबाट घरबारविहीनलाई सुरक्षितस्थानमा आवास बनाउने सरकारको योजना अघि बढेको बताउनुभयो ।

उहाँले बाढीपहिरोका पीडितलाई खानपानका लागि मासिक रु १५ हजार राहतको पहिलो किस्ता निकासाको चरणमा रहेको र बागलुङका प्रत्येक छ पालिकाको विपद् व्यवस्थापन कोषमा रु ४० लाखको दरले रकम पठाउने तयारी भइरहेको पनि जानकारी दिनुभयो ।

मन्त्री लम्सालसँगै बागलुङ क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य सोम शर्मा, पूर्वाधार मन्त्रालयका सचिव पदम मैनाली, सडक विभागका महानिर्देशक डा विजय जैसी, बागलुङका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्य तथा सडक बोर्डका सदस्य अर्जुन श्रेष्ठलगायत सहभागी हुनुहुन्थ्यो ।

क्षतिग्रस्त सडकको पुन निर्माणका लागि आवश्यक योजना, प्राविधिक मूल्याङ्कन तथा सम्बन्धित निकायबाट गर्नुपर्ने पहलका विषयमा संकट भोगेका पालिकाका जनप्रतिनिधिसँग छलफल गरिएको थियो ।

सरकारले पुनर्निर्माण र रहातका लागि बागलुङको गलकोट नगरपालिका, बडिगाड गाउँपालिका, ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, ताराखोला गाउँ पालिका र तमानखोला गाउँ पालिकालाई संकट ग्रस्त क्षेत्रका रूपमा घोषणा गरेको छ ।

## थ्रेसर मेसिन सञ्चालन गरेर गाउँमै रोजगार

राँझा । नेपालगञ्ज उपमहान गरपालिका-१९ का अमजत अली शेख विगत सात वर्षदेखि 'थ्रेसर मेसिन'सञ्चालन गरेर गाउँमै स्वरोजगार बन्नु भएको छ ।

गाउँका धेरै युवाहरु वैदेशिक रोजगार वा अन्य पेसामा अल्भिरहेका बेला शेखले आफ्नै गाउँठाउँमा कृषि सेवा व्यवसायबाट मनग्य आम्दानी गर्न सकिन्छ भन्ने गतिलो प्रमाण पेस गर्नुभएको छ । धानबालीको मुख्य याममा मात्रै सम्पूर्ण खर्च कटाएर करिब रु एक लाख ५० हजारसम्म खुद मुनाफा कमाउने बताउनुभयो ।

उहाँले थ्रेसर मेसिन सञ्चालन गरेबापत प्रति घण्टा रु दुई हजार ५०० वा एक क्विन्टल धान बराबर १२ किलो धान सेवा शुल्कबापत लिने गर्नुभएको छ ।

# रौतहटको औरैयामा सञ्चालित प्रसूति केन्द्र 'मोडेल' बन्न सफल

काठमाडौं । युएनएफपिएको सहयोगमा नेपालमा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवालाई जलवायु-उत्थानशील बनाउने 'मोडेल' स्थापना भएको छ । जलवायुजन्य विपद्का समयमा पनि अग्रपङ्क्तिमा क्रियाशील स्वास्थ्य संस्थाहरूले जीवन रक्षाका क्षेत्रमा निरन्तर सेवा सञ्चालन गर्न सक्छन् भन्ने प्रमाणित गर्न रौतहट 'मोडेल' सफल भएको छ ।

रौतहट, ईशनाथ नगर पालिकास्थित औरैया प्रसूति केन्द्रमा आयोजित नीतिगत संवाद कार्यक्रमा सो मोडेलको मूल्याङ्कनसहित नेपालका अन्य जोखिमयुक्त क्षेत्रमा जलवायु-उत्थानशील स्वास्थ्य पूर्वाधारको विस्तारको पक्षमा स्पष्ट लक्ष्य तथा कार्यदिशा तय गर्नुपर्नेमा जोड दिइएको थियो ।

सो अवसरमा नेपालस्थित संयुक्त राष्ट्रसङ्घकी आवासीय संयोजक लीला पिटर्स याहियाले भन्नुभयो, "औरैया प्रसूति केन्द्रको यस भ्रमणबाट लक्षित क्षेत्रमा गरिने साना लगानीले पनि मातृ स्वास्थ्य सेवामा पहुँच बढाई वास्तविक परिवर्तन ल्याउन सकिन्छ भन्ने पुष्टि भएको छ ।

स्वास्थ्य चौकीमा योग्य नर्सको उपस्थितिले समुदायमा विश्वास निर्माण गरेको छ, यसबाट परम्परागत सोच बढी रहेका समुदायसहित ग्रामीण महिलालाई गर्भावस्था तथा सुत्केरीपछि स्वास्थ्य सेवा लिन आत्मविश्वास प्रदान गरेको छ ।"

उहाँले भन्नुभयो, "ग्रामीण स्वास्थ्य चौकी, योग्य स्वास्थ्यकर्मी र आवश्यक पूर्वाधारमा गरिने लगानीले जीवन बचाउँछ । त्यसैले मातृ तथा प्राथमिक स्वास्थ्य सेवाका लागि आन्तरिक स्रोत परिचालन गर्नु अत्यन्त महत्त्वपूर्ण छ । यो नेपालभरका महिला, परिवार र समुदायमाथिको लगानी हो ।"

जापान सरकारको आर्थिक सहयोगमा सञ्चालित 'नेपालमा मातृ तथा बाल स्वास्थ्य सेवा र अनुकूलन क्षमताको सुधार' परियोजना अन्तर्गत सञ्चालित जलवायु- उत्थानशील स्वास्थ्य सेवासहित नमूनाका रुपमा प्रस्तुत हुन औरैया प्रसूति केन्द्र सफल भएको छ ।

युएनएफपिएले स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयसँगको सहकार्यमा कार्यान्वयन गरेको यस परियोजना अन्तर्गत उक्त स्वास्थ्य संस्थामा विद्युत् 'ब्याकअप' प्रणाली, चिकित्सकीय फोहोरमैला व्यवस्थापन स्थल, 'भेन्टिलेसन', पानी शुद्धीकरण एकाइलगायतका सुधारको व्यवस्था गरिएको छ । पूर्वाधारका साथै नगरपालिकास्तरीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका लागि मार्गदर्शन तयारी तथा जलवायु-अनुकूलित स्वास्थ्य कार्ययोजना विकास गरेर सरकारी स्वामित्व सुदृढ गर्दै दीर्घकालीन रुपमा सञ्चालन सुनिश्चित गर्ने पहल परियोजनाले गरेको छ ।

नेपालस्थित युएनएफपिए का उपप्रतिनिधि डा बशिर नजिबले भन्नुभयो, "गत भदौमा नेपालमा गएको बाढीले गर्भवती तथा नवजात शिशुको स्वास्थ्य सेवामा कति समस्या ल्याउन सक्छ भन्ने देखायो। स्थानीय योजना तथा सुदृढ पूर्वाधारले सुसज्जित, विपद्का लागि तयार र जलवायु-उत्थानशील स्वास्थ्य केन्द्र निर्माण गर्नु जीवन रक्षाको अनिवार्य आवश्यकता हो। जापान सरकारको सहयोगमा सञ्चालित यस परियोजनामार्फत युएनएफपिए प्रत्येक आमा र नवजात शिशुको सुरक्षाका लागि प्रमाणित अनुकूलन मोडेलहरू दिगो रूपमा सञ्चालन गर्न तथा देशव्यापी रूपमा पुर्याउन सबै तहका सरकारसँग साझेदारी गर्न प्रतिबद्ध छ ।"

त्यसैगरी, ईशनाथ नगर पालिकाकी उपप्रमुख कौशल्या देवीले भन्नुभयो, "प्रतिकूल अवस्थामा पनि गर्भवती तथा नवजात शिशुलाई निर्बाध रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन तीनै तहका सरकारबीच सहयोग, सहकार्य र समन्वय हुन आवश्यक छ । विपद् पूर्वतयारी, स्वास्थ्य सेवाको निरन्तरता दिन र स्थानीय समुदायलाई बढी आवश्यक परेका बेला स्वास्थ्य संस्थाहरू सञ्चालन मा ल्याउने प्रतिबद्धता व्यक्त गर्दछु।"

कार्यक्रमको अवसरमा युएनएफ् पिएले विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता सुदृढ गर्न मधेस प्रदेश सरकारलाई करिब एक लाख अमेरिकी डलर मूल्यको जीवनरक्षक औषधि तथा अत्यावश्यक उपकरण हस्तान्तरण गरेको थियो । जापान सरकारको वित्तीय सहयोगमा खरिद गरिएका ती उपकरणहरू रौतहट जिल्लाका पाँचवटा स्वास्थ्य संस्थामा आकस्मिक प्रसूति तथा नवजात शिशु स्याहार सेवा सुदृढ गर्न पनि वितरण गरिने बताइएको छ । जापान सरकारको सहयोगमा सन् २०२५ देखि सञ्चालित मातृ तथा बाल स्वास्थ्य सेवा र अनुकूलन क्षमताको सुधार परियोजनाले जलवायु जोखिममा रहेका जाजरकोट र रौतहट जिल्लामा जलवायु जोखिम तथा अनुकूलनसँग सम्बन्धित काम गरिरहेको युएनएफ् पिएले जनाएको छ। सो अवसरमा संयुक्त राष्ट्रसङ्घको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी निकायका रुपमा युएनएफपिएले नेपाललाई आर्थिक तथा प्राविधिक सहयोगसहित विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ ।

## स्थानीय जलविद्युत् कम्पनीको सहयोगमा बेँसीसहर-चामे सडक सञ्चालन

मनाङ । मनाङको मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनीको सहयोगमा अविरल वर्षापछि अवरुद्ध बेँसीसहर-चामे सडक पुनः सञ्चालनमा आएको छ ।

हाइड्रोपावर कम्पनीले आवश्यक उपकरण, जनशक्ति, इन्धन तथा अन्य सामग्री परिचालन गरी छ दिनमै सो सडक खुलाएको हो। दुर्गम हिमाली जिल्ला मनाङमा गत असोजमा चार दिनसम्म लगातार परेको भारी वर्षाका कारण सो सडकखण्डका विभिन्न स्थानमा पहिरो खस्नाका साथै बाढीले सडक कटान गरेको थियो ।

सडक खण्डको केही ठाउँमा आधार संरचना पनि क्षतिग्रस्त भएको अवस्थमामा मर्मतसम्भारपछि बेँसीसहरदेखि चामेसम्मको प्रभावित यातायात सेवा सञ्चालन गर्न सकिएको बुटवल पावर कम्पनीका संयोजक प्रतीकमानसिंह प्रधानले जानकारी दिनुभयो। उहाँका अनुसार विपद्पछि कम्पनीले तत्काल उपकरण र जनशक्ति परिचालन गरी क्षतिग्रस्त सडकखण्ड मर्मत तथा पुनः स्थापनाको काम थालेको हो। "अन्य जलविद्युत् आयोजना र स्थानीय सडकसम्बन्धी निकायसँग समन्वय गरी करिब ६० किलोमिटर बेँसीसहर-चामे सडक छ दिनमै सञ्चालनमा ल्याउन सफल भएका छौं," प्रधानले भन्नुभयो, "चामे नजिक रहेको एक खोलामा गेग्रानसहित आएको बाढीपहिरोले मुख्य नदीको बहाव अवरुद्ध गरी ताल बनाएको थियो । सरकारसँग सहकार्य गर्दै कम्पनीका तर्फबाट एक्स्काभेटरलगायतका उपकरण परिचालन गरी उद्धार तथा विपद् व्यवस्थापनमा आवश्यक डिजेल र अन्य सामग्री पनि उपलब्ध गराएर सडक सञ्चालनमा ल्याउन सकिएको हो ।" सडकखण्डको मर्मत सम्भार तथा आपत्कालीन पुनः स्थापनाका लागि यसअघि पनि विभिन्न उपकरण र जनशक्ति परिचालन गर्दै आएको कम्पनीले जनाएको छ । सडक सञ्चालन पछि मनाङका १३ गाउँका करिब पाँच हजार ६०० नागरिक लाभान्वित भएका छन् ।

## नारायणी कटान समस्या समाधानमा मन्त्री गौतमको चासो

नारायणगढ (चितवन) । कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले भरतपुर र माडीका विभिन्न स्थानमा पुगेर स्थानीयवासीका समस्या तथा गुनासा सुन्नुभएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चितवनका सभापति ई. मिनीमाधव खनालका अनुसार मन्त्री गौतमले विशेषगरी नारायणी नदीको तटीय क्षेत्रको अवलोकन गरी स्थानीयवासीसँग छलफल गर्नुभएको थियो। नारायणी नदीको कटानबाट प्रभावित क्षेत्रको अवस्था बुझ्दै उहाँले समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभएको खनालले सो क्रममा बताउनुभयो । नारायणी नदीको दुवैतर्फका बस्तीमा तटबन्ध निर्माण, कटान नियन्त्रण र बजेट व्यवस्थापनका विषयमा मन्त्री गौतमले चासो व्यक्त गर्नुभएको उहाँले जानकारी दिनुभयो । कटानको जोखिम बढी भएका स्थानमा तत्काल काम गर्ने र अन्य क्षेत्रमा पनि दिगो समाधानका लागि योजना बनाएर अघि बढ्नुपर्नेमा मन्त्री गौतमले जोड थियो ।

अवलोकनका क्रममा स्थानीयवासीले बस्तीको सुरक्षालाई प्राथमिकतामा राख्दै नारायणी कटान नियन्त्रणका लागि बाँकी काम शीघ्र सम्पन्न गर्नुपर्ने माग गरेका थिए । जवाफमा मन्त्री गौतमले नारायणी तटबन्धको बाँकी काम सङ्घीय आयोजना अन्तर्गतका विज्ञ इन्जिनियरको निगरानीमा बजेट सुनिश्चित गरी अघि बढाइने बताउनुभएको थियो ।



उहाँले निर्वाचनका बेला हुने राजनीतिक प्रतिस्पर्धाभन्दा माथि उठेर गाउँबस्ती जोगाउन र विकासका काम अघि बढाउन सबै एकजुट हुनुपर्नेमा पनि जोड दिनुभएको थियो ।

यसैगरी, मन्त्री गौतमले माडी नगरपालिकाका विभिन्न स्थानमा पुगेर स्थानीयवासीका समस्या तथा गुनासा सुन्नुभएको थियो । माडीमा निकुञ्ज तथा जङ्गलको बाटो, खोला कटान तथा अन्य स्थानीय समस्याबारे जानकारी लिँदै उहाँले प्राथमिकताका आधारमा समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

बाढीपछि भएको नारायणी नदीको कटानबाट प्रभावित क्षेत्रको अवस्था बुझ्दै उहाँले समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभएकोले नीतिगत सुधारका साथसाथै तत्काल सरकारको तर्फबाट कुनै न कुनै सकारात्मक पहलकदमी हुने भन्दै सहभागी नागरिकहरु आशा-वादी भएका छन् ।

## स्कुटर चालक गुरुङको घटनास्थलमै मृत्यु

वालिङ (स्याङ्जा) । स्याङ्जाको बिरुवा गाउँपालिका-३ ठाँटीमा स्कुटर सडकबाट खसेर दुर्घटना हुँदा महिला चालकको मृत्यु भएको छ।

शुक्रबार दिउँसो २:३० बजेको समयमा राङखोला-बिरुवा सडक खण्डको बिरुवा-३ ठाँटीमा स्कुटर अनियन्त्रित भई सोही गाउँपालिकाकी ३९ वर्षीया रेवती गुरुङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङजाका सूचना अधिकारी रमेशदत्त अवस्थीले जानकारी दिनुभयो। ग२६प १३५० नम्बरको स्कुटर चालकले नियन्त्रण गुमाउँदा सडकबाट झण्डै ५० मिटर तल खसेको थियो।

स्कुटरको पछाडि सवार मृतककी छोरी १६ वर्षीया गुञ्जन गुरुङ सकुसल हुनुहुन्छ।

जिल्ला प्रहरी कार्यालय स्याङ्जा र ट्राफिक प्रहरीको टोली घटनास्थलमा पुगेको छ। दुर्घटना भएको स्थलमा प्रहरी पुगेसँगै सडक सञ्चालन भएको छ।

प्रत्युष National Daily राष्ट्रिय दैनिक

## द्वन्द्वकाल सम्झाउने वसन्तपुर डाँडा अब पर्यटकीय गन्तव्य

बुटवल । सशस्त्र द्वन्द्वकालमा तत्कालीन नेकपा (माओवादी) र नेपाली सेनाबीच भीडन्तको घटनाबाट चिनिएको वसन्तपुर डाँडाको स्वरुप अहिले परिवर्तन भएको छ ।

पाल्पाको तिनाउ गाउँपालिका-३ स्थित वसन्तपुर डाँडामा केबुलकार सञ्चालनसँगै लगानी भित्रिने क्रम पनि बढेको छ । पछिल्लो चार वर्षदेखि वसन्तपुर डाँडामा लुम्बिनी केबुलकार सञ्चालनमा आएपछि सो डाँडा रमणीय पर्यटकीय आर्कषणको महत्वपूर्ण गन्तव्य बन्दै गएको छ । बुटवल बजारबाट करिव दुई घन्टाको पैदल यात्रामा त्यहाँ पुग्ने पर्यटकले अहिले केबुलकारबाट आधा घन्टामै यात्रा तय गर्न पाएका छन् । भारतीय पर्यटकलाई लक्षित गरेर सञ्चालनमा आएको सो केबुलकारबाट सबैभन्दा बढी मनोरञ्जन भारतीय पर्यटकले लिइरहेको लुम्बिनी केबुलकारका सञ्चालक चन्द्र ढकालले सो क्रममा बताउनुभयो ।

उहाँले भन्नुभयो, “अहिले सबैभन्दा बढी भारतीय पर्यटक निर्वाध रूपमा आइरहनुभएको छ, यसको मुख्य कारण बुटवलमा गर्मी भएपनि वसन्तपुर डाँडामा पुग्दा चिसोको आनन्द लिन मिल्छ” ।

सञ्चालक ढकालले पाँच तारे होटेल सञ्चालनमा ल्याउन लागेको र त्यसको वातावरणीय प्रभाव मूल्याङ्कन भएको जानकारी दिँदै होटेल सञ्चालन आउना साथ पर्यटन आर्कषणमा रौनक थपिने विश्वास व्यक्त गर्नुभयो । मलेसियाको ग्याल्टिङआइल्याण्ड शहरको जुन परिकल्पना छ, त्यस्तै प्रकारको शहरबाट थोरै टाढा सबै सुविधा सम्पन्न क्यासिनो, जीप पार्क लगायतका अवधारणा भएका क्षेत्रका रूपमा एकिकृत पर्यटकीय योजना बनाउने उद्देश्यअनुसार चन्द्रगिरी केबुलकार सञ्चालन भएको जनाइएको छ । केबुलकार सञ्चालनमा आएपछि सातै वटा प्रदेशमा यस्ता परियोजना एकीकृत पर्यटकीय गन्तव्य निर्माण गर्ने सोचिएको र बुटवलमा धेरै पहिले स्थानीय केही व्यक्तिले परिकल्पना गरेको यस अवधारणालाई मूर्त रुप दिइएको व्यवसायी ढकालले बताउनुभयो ।

“आन्तरिक पर्यटकभन्दा पनि भारतीय पर्यटक वर्षेनी बढी आउन थालेका छन् र सुविधा सम्पन्न होटेल सञ्चालनमा आएपछि यो पर्यटकीय हिसाबले उत्कृष्ट गन्तव्य हुन सक्छ” उहाँले भन्नुभयो । गौतमबुद्ध जन्मस्थल लुम्बिनी करिव ५० किलोमिटरको दुरीमा रहेको छ । यहाँ आउने पर्यटक पनि वसन्तपुरडाँडामा रमाउन आउने गर्छन्, यहाँ आउने भारतीय पर्यटक लुम्बिनी केबुलकार आएर फर्किने गरेको स्थानीयको भनाइ छ ।

स्थानीयबासी लक्ष्मण गौतम, तेजप्रसाद सुनार लगायतको पाँच जनाको टोलीले परिकल्पना गरेको केबुलकारको पाँच वर्षअघि चन्द्रप्रसाद ढकाल समूहको आइएमई ग्रुपले उक्त र निर्माणको नेतृत्व लिन तयार भएको हो । त्यसलगत्तै परियोजना निर्माण केवल दुई वर्षमै सम्पन्न भएको थियो । विस २०८० जेठ १५ देखि व्यवसायिक रूपमा सञ्चालनमा आएको केबलकारको माथिल्लो स्टेशन वसन्तपुर डाँडामा रहेको छ । लुम्बिनी केबुलकारका व्यवस्थापक प्रज्ज्वल घिमिरेले केबुलकारबाट यात्रा गर्दा जङ्गलमा नै घोरल, चित्तललगायतका वन्यजन्तुको दृश्य देख्न सकिने जानकारी दिँदै त्यस्तो दृश्य देख्न पाँउदा पर्यटक रमाउने गरेको बताउनुभयो । माओवादी- सेनाबीच सशस्त्र द्वन्द्वका क्रममा द्वन्द्वकालमा त्यहाँ पुग्नुभएका भैरहवाका पत्रकार दीपेन्द्र बड्वाल ले त्यहाँको स्वरूप भएको रुपान्तरण ले पर्यटकीय सम्भावना बढाएको बताउनुभयो । सशस्त्र युद्धको सम्झनालाई जीवन्त राख्न सके त्यसले पर्यटन प्रर्वद्धनमा सघाउ पुग्ने विश्वास उहाँको छ ।

उहाँले त्यहाँ पुग्दा सेनाले फायरिङ् खोल्दा ढुङ्गामा लुक्नुपरेको र डाँडामा बसेर खाजा खाएको घटना सम्झना हुने बताउनुभयो ।

केबलकारको माथिल्लो स्टेशन वसन्तपुरमा प्रख्यात शक्तिपीठ कामाख्या देवीको मन्दिर र सय वर्षदेखि पूजाआजा हुँदै आएको दुर्गा माताको मन्दिरलाई अहिले पुनः निर्माण गरिएको छ । यी दुई मन्दिर हिन्दू धर्मावलम्बीका लागि विशेष आकर्षण बनेका छन् ।

कामाख्या देवीको दर्शनले मनोकामना पूरा हुने र सांसारिक बन्धनबाट मुक्ति पाइने धार्मिक विश्वास पछ्याउँदै नेपाल र भारतका विभिन्न शहरबाट उल्लेख्य सङ्ख्यामा भक्तजन त्यहाँ पुग्ने गर्छन् ।

माथिल्लो स्टेशनमा जीप लाइन, स्काई साइक्लिङ, बाल उद्यान, रेष्टुराँ, ज्वाइन्ट स्वीडपिङ्गलगायतका पूर्वाधार बनेका छन् । वसन्तपुरबाट बुटवल, तिलोत्तमा हुँदै भैरहवासम्मको दृश्यका साथै मौसम सफा हुँदा हिम श्रृङ्खला त्यहाँबाट देख्न सकिन्छ । लुम्बिनी केबुलकारका अनुसार तीन वर्षमा पाँच लाख बढी पर्यटक भित्रिएका छन् । त्यसमध्ये करिव ३० प्रतिशत भारतीय पर्यटकको सङ्ख्या रहेको छ । अघिल्लो वर्षभन्दा गत आर्थिक वर्षमा भारतीय पर्यटकको आगमन २५ प्रतिशतले वृद्धि भएको छ । भारतको आन्ध्र प्रदेश, झारखण्ड, बिहार, केरलालगायत प्रमुख शहरबाट पर्यटक वसन्तपुर डाँडामा आउने गरेका छन् ।

नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय सदस्य दीपेन्द्र कुँवरले त्यहाँ पुगेर आउँदा विगतमा द्वन्द्वकालका बेला देखिएका घटनाहरु स्मरण भएको उल्लेख गर्दै पहिले स्थलमार्गबाट पुगिएको र अहिले केबलकारबाट जान पाइएकाले भरपुर मनोरञ्जन मिलेको बताउनुभयो ।

## थोरङला पास हुँदै दुई सातामा ७७२ पर्यटक मुस्ताङमा

मुस्ताङ । लमजुङको बेँसीसहरबाट मनाङ हुँदै थोरङला पास छिचोल्दै पछिल्लो दुई सातामा ७७२ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका छन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय मुस्ताङको जोमसोमस्थित चेकपोस्टले भारी हिमपातपछिको दुई सातामा ४३ जना सार्क राष्ट्र र ७२९ जना अन्य राष्ट्रका विदेशी पर्यटक मुस्ताङ भित्रिएको जनाएको छ ।

समुद्री सतहको पाँच हजार ४१६ मिटरको उचाइमा अवस्थित राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गको थोरङला पास पिक छिचोल्दै विदेशी पर्यटक मनाङ हुँदै मुक्तिनाथसम्म निस्कन्छन् । यो पदमार्ग विदेशी पर्यटकका लागि साहसिक र जोखिमपूर्ण पदमार्गका मानिन्छ ।

गत असोज ११ गतेको भारी वर्षा र हिमपातले अवरुद्ध बनेको थोरङला पास पदमार्गको हिउँ पन्छाइएपछि विदेशी पर्यटक मुस्ताङ आउन थालेका हुन् । उक्त पदमार्गको थोरङ फेदी माथिको पदमार्गमा जमेको हिउँ मुस्ताङका पर्यटन व्यवसायीले पन्छाएर आवागमन सहज पारिएको थियो । मनाङतर्फ पनि सुरक्षाकर्मी र स्थानीय पर्यटन व्यवसायी मिलेर थोरङला पास पहुँचमार्गको हिउँ पन्छाएर राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गको पदमार्ग निकै नै सहज बनाइएको थियो ।

बर्सेनि दुई सिजन चल्ने पदमार्ग विदेशी पर्यटक अङ्ग्रेजी वषएको मे, जुन र जुलाइमा पदयात्रा गर्ने गर्छन् । एक्याप जोमसोमका प्राकृतिक स्रोत संरक्षण सहायक संजोग थकालीले हिउँद याम अघिको अक्टोबर र नोभेम्बरमा पनि उल्लेख्य विदेशी पर्यटक थोरङला पास हुँदै मुस्ताङ आउने गरेको जनाउनुभयो । थोरङ पास पदमार्ग हिउँ सफा गरेपछि बिहीबारसम्म ७७२ जना विदेशी पर्यटक मुस्ताङ आइपुगेको एक्याप जोमसोमका प्राकृतिक स्रोत संरक्षण सहायक थकालीको भनाइ छ । मुक्तिनाथ होटल एशोसियनका अध्यक्ष सुरज गुरुङले राउण्ड अन्नपूर्ण चक्रीय पदमार्गको थोरङला पास गर्ने सिजन सुरु भएकाले विदेशी पर्यटकको मनाङबाट आउने सङ्ख्या बढ्दै गइरहेको बताउनुभयो ।

थोरङला पास क्षेत्रमा भारी हिमपात हुँदा उक्त पदमार्ग अवरुद्ध हुन पुगेको थियो । अध्यक्ष गुरुङका अनुसार मनाङ र मुस्ताङका पर्यटन व्यवसायी र सुरक्षाकर्मीले दुईतर्फी पदमार्गको हिउँ पन्छाइएपछि मनाङबाट मुस्ताङ प्रवेश गर्ने पर्यटकको सङ्ख्या वृद्धि भएको हो । बेनी-जोमसोम सडकमार्गबाट आउने पर्यटक घटे पनि थोरङला पास गरी आउने विदेशी पर्यटकको उपस्थितिले मुक्तिनाथका धेरैजसो होटलमा पर्यटक भरिन थालेको उहाँको भनाइ छ ।

## हप्ता दिनदेखि बन्द बेनी-दरवाङ सडक सञ्चालन

म्याग्दी । म्याग्दीको पश्चिमी भेगका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी-दरवाङ सडक एक हप्तापछि सञ्चालनमा आएको छ ।

बेनी-नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमाना स्थित फापरखेतमा गत असोज ३१ गतेदेखि सुख्खा पहिरो खस्न थालेपछि बन्द भएको सो सडकमा शुक्रबार देखि यातायात सञ्चालन भएको हो ।

पूर्वाधार विकास कार्यालय म्याग्दीले पहिरो पन्छाउने मेसिन प्रयोग गरी तत्कालका लागि बाटो खुलाएको हो । पहिरो पन्छाउने जिम्मा लिएको मङ्गला कन्ट्रक्सनका प्रतिनिधि राजु पाण्डेले दसैं पर्वलाई दृष्टिगत गरी काम छिटो गर्न खोजिए पनि पहिरो नरोकिएकाले सडक खुलाउन समय लागेको बताउनुभयो ।

“दसैंको समयमा आवत-जावत गर्ने यात्रुको चापलाई दृष्टिगत गरी तत्काललाई सडक खुलाए पनि दिगो समाधानका लागि अझै काम गर्न बाँकी छ”, उहाँले भन्नुभयो, “दसैंको चहलपहल सकिएपछि पहिलोसँग सम्बन्धित बाँकी काम गरी भरपर्दो एवं जोखिमरहित सडक निर्माण गर्ने योजना छ ।” कूल २४ किलोमिटर दूरीको बेनी-दरवाङ सडकखण्डलाई म्याग्दीको पश्चिमी क्षेत्रका मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने लाइफ लाइन मानिन्छ । लगातारको पहिरोका कारण सडक बन्द हुँदा दसैं मनाउन जन्मथलो जाने र कार्यक्षेत्रमा फर्कनेलाई समस्या परेको अवस्थामा तत्कालका लागि सडक सञ्चालनमा ल्याइएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।

## नेपाली ‘यु-१९’ क्रिकेट टोलीले दुई अन्तरराष्ट्रिय प्रतियोगिता खेल्ने

काठमाडौँ । नेपाली ‘यु-१९’ महिला क्रिकेट टोलीले ‘आइसिसी’ महिला ‘टी-२०’ विश्वकपको तयारीका क्रममा दुई अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने भएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी विश्वकपको तयारीका क्रममा थाइल्याण्ड र भारतमा आयोजना हुने प्रतियोगितामा नेपाली टोली सहभागी हुने जानकारी दिएको हो । क्यानका सचिव पारस खड्काद्वारा जारी विज्ञप्ति अनुसार नेपालले आगामी नोभेम्बर ३ देखि ८ सम्म चीनमा आयोजना हुने ‘बेल्ट एन्ड रोड यु-१९ गर्ल्स टी-२०आई’ प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगितामा आयोजक चीनसहित नेपाल, थाइल्याण्ड र हङकङले प्रतिस्पर्धा गर्नेछन् ।

यस्तै, उक्त प्रतियोगिता नोभेम्बर १० देखि २२ सम्म भारतको बेङ्गलुरुमा आयोजना हुने त्रिदेशीय शृङ्खलामा पनि नेपाली टोलीले सहभागिता जनाउने छ ।

उक्त शृङ्खलामा नेपाल यु-१९ महिला टोलीका साथै भारत यु-१९ महिला ‘ए’ र भारत यु-१९ महिला ‘बी’ टोलीले प्रतिस्पर्धा गर्ने क्यानले जनाएको छ ।

## दसैं मनाएर उपत्यका फर्किने बढ्दै

काठमाडौँ । दसैं मनाउन काठमाडौँ उपत्यकाबाट बाहिरिएका यात्रुहरू धमाधम फर्किन थालेपछि उपत्यका भित्रिने प्रमुख नाकाहरूमा सवारी चाप बढ्न थालेको छ ।

दसैंको टीका तथा आशीर्वाद थापेर घरबाट फर्किने यात्रु र सवारीसाधनको सङ्ख्या बढेसँगै नागढुङ्गा-कलङ्की, जडीबुटी-कोटेश्वर, तीन पिप्ले, भक्तपुरको जगाती, भट्टेडाँडा तथा दक्षिणकाली-फर्पिङ लगायतका सडकखण्डमा सवारी साधनको चाप बढेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । सो कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले यात्रुको आवागमन सहज बनाउन तथा सवारी चाप व्यवस्थापन गर्न ट्राफिक प्रहरीलाई सक्रिय रूपमा परिचालन गरिएको बताउनुभयो ।

कार्यालयका प्रहरी प्रवक्ता नरेशराज सुवेदीले उपत्यका फर्किने यात्रुको चाप दिनहुँ बढ्न थालेपछि आवागमन सहज बनाउने, सवारी चाप व्यवस्थापन गर्ने तथा सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सडकमा निगरानी बढाइएको जानकारी दिनुभयो । उपत्यकाका प्रमुख नाकाहरूमा दैनिक निजी कार, जिप, मोटरसाइकल तथा साना-ठूला सार्वजनिक सवारीसाधन गरी करिब एक हजारको हाराहारीमा सवारी साधन आवतजावत गर्ने गरेको समेत जानकारी दिनुभयो । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार यस वर्षको दसैं मनाउन घटस्थापनादेखि कात्तिक ३ गतेसम्म ७९ हजार ६७६ वटा सवारीसाधनमार्फत पाँच लाख ७६ हजार ५७८ जना उपत्यकाबाट बाहिरिएका थिए ।

## ज्यामिरेवासीले अस्थायी आवासमै मनाए दसैं

बागमती । लगातारको वर्षासँगै गत असोज ११ गते जमिन चिराचिरा परेको मकवानपुरको बकैया गाउँपालिका-६ तल्लो ज्यामिरेका प्रभावित स्थानीयवासीले यस वर्षको दसैं अस्थायी आवासमै मनाएका छन् ।

यहाँस्थित गरगरे बस्तीका आठवटा घर जमिन चिरिएका कारण पूर्ण रुपमा क्षतिग्रस्त भएपछि स्थानीय प्रशासनले अस्थायी बासका लागि टेन्ट तथा पालहरू उपलब्ध गराएको थियो । पूर्ण क्षतिग्रस्तसहित यहाँका प्रभावित ८० घरधुरी स्थानान्तरणका लागि स्थानीय तहबाट जिल्लामा सिफारिससहित अनुरोध गरिए पनि दसैं अघि बस्ती स्थानान्तरण हुन नसकेपछि प्रभावितहरूले अस्थायी आवासमा दसैं मनाएको वकैया -६ का वडाध्यक्ष फूलमान भोम्जनले बताउनुभयो ।

गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले यहाँका कतिपय स्थानमा १२ फिटसम्म जमिन भासिएको र दुई वर्गकिलोमिटर क्षेत्रको ठाउँ ठाउँमा जमिन चिराचिरा परेको जानकारी दिनुभयो ।

जमिन चिरा परेको सूचना प्राप्त हुने बित्तिकै यहाँका स्थानीयलाई अस्थायी रुपमा सुरक्षित स्थानमा सारिएको बताउँदै उहाँले प्रभावितका लागि तत्काललाई आवश्यक टेन्ट लगायतका सामाग्रीहरू उपलब्ध गराइएको बताउनुभयो ।

## पाकिस्तानका कप्तान फरहानले कर्णाली याक्सबाट एनपिएल खेल्ने

काठमाडौँ । पाकिस्तान टी-२० टोलीका कप्तान साहिबजादा फरहानले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) २०२६ कर्णाली याक्सबाट खेल्ने भएका छन् । कर्णालीले शुक्रबार उनलाई टोलीमा अनुबन्ध गरेको औपचारिकरूपमा जानकारी दिएको हो ।

“टी-२० विश्वकप २०२६ का सर्वाधिक रन बनाउने साहिबजादा फरहानलाई अब कर्णाली याक्समा स्वागत छ,” टोलीले सामाजिक सञ्जालमा उल्लेख गरेको छ ।

फरहानले सन् २०२६ मा भारत र श्रीलङ्कामा आयोजित आइसिसी टी-२० विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै विश्व क्रिकेटमा आफ्नो छाप छाडेका थिए । उनले प्रतियोगितामा छ खेल खेल्दै दुई शतकसहित ३८३ रन बनाएका थिए । उनले प्रतियोगितामा बनाएको ३८३ रन एकै संस्करणको पुरुष टी-२० विश्वकपमा कुनै पनि ब्याटरले बनाएको सर्वाधिक रन हो । ३० वर्षीय दायाँहाते ब्याटर फरहान पाकिस्तानका लागि एकदिवसीय र टी-२० अन्तरराष्ट्रिय क्रिकेट खेलिसकेका अनुभवी खेलाडी हुन् ।

उनले पाकिस्तानका लागि ५१ टी-२० अन्तरराष्ट्रिय खेलमा दुई शतक र १३ अर्धशतकसहित एक हजार ५५४ रन बनाएका छन् । समग्र टी-२० क्रिकेटमा उनले १८६ खेलबाट नौ शतक र ३८ अर्धशतक सहित पाँच हजार ७७५ रन बनाइसकेका छन् । उनले व्यावसायिक क्रिकेटमा हालसम्म लङ्का प्रिमियर लिग (एलपिएल), पाकिस्तान सुपर लिग (पिएसएल) र बङ्गलादेश प्रिमियर लिग (बिपिएल) खेलेका छन् ।

फरहानका लागि एनपिएल चौथो विदेशी लिग हुनेछ । कर्णाली याक्सले यसअघि पाकिस्तानका अलराउन्डर हुसेन तलत, बङ्गलादेशका अक्बर अली र अरिफुल इस्लामलाई पनि टोलीमा अनुबन्ध गरिसकेको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com